O/C

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

# मालपोत कार्यालय भैरहवा रुपन्देही

लुम्बिनी प्रदेश

प.सं. २०८१।०८२
च.नं. १०३८२
प्राप्त पत्र संख्या र मिति

मितिः २०८१/०९/०५

विषयः- सुचना टाँस सम्बन्धमा।

श्री जिल्ला प्रशासन कार्यालय, रुपन्देही, भैरहवा ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, रुपन्देही ।
श्री गैडहवा गाउँपालिकाको कार्यालय, रुपन्देही ।
श्री गैडहवा गाउँपालिका, वडा न. २ को वडा कार्यालय, रुपन्देही ।
श्री राष्ट्रिय दैनिक पत्रिका............।

उपरोक्त सम्बन्धमा यस पत्रसँग पठाएको सुचना थान- १ तहाँ कार्यालयको सुचना पाटीमा टाँस गरी सोको जानकारी समेत पठाईदिनुहुन अनुरोध छ ।

प्रमुख मालपोत अधिकृत

गैडहवा गाउँपालिका
दर्ता नं. ९२४८
दर्ता मिति २०८१।०९।०८

# मालपोत कार्यालय भैरहवाबाट जारी भएको नयाँ श्रेष्ता कायम साथै दा.खा. नामसारी सम्बन्धी ३५ दिने सुचना

सुचना ।

सुचना ।।

सुचना ।।।

जिल्ला रुपन्देही गैडहवा गा.पा. वडा न. २ बस्ने सिताराम अहिर र चन्द्रावति अहिरले "हाम्रो बुवा/ससुरा रिपुल अहिर २०२५ सालमा प्रलोक हुनु भएको, रिपुल अहिरको एकमात्र पत्नि ( निवेदकहरुको आमा/सासुआमा) सुरसती अहिरनी मिति २०30 सालमा पोइला गएको बावु/ससुरा रिपुल अहिर र आमा/सासु आमा सुरसती अहिरनीको तर्फबाट तीन भाई छोरा ठुलो जोखन अहिर, माइलो सन्तराम अहिर र कान्छो सिताराम अहिरको जाय जन्म भई अरु कोही हकवाला नरहेको , जेठो दाजु/जेठाजु जोखन अहिरले रुपन्देही जिल्ला अदालत को मिति २०५४/०५/०३ गतेको फैसला मिति २०५८।११।२७ को बण्डा मुचुल्का अनुसार मि.न. ३५३ मिति २०५९।०१।२९ निर्णयले रिपुल अहिरको नाममा दर्ता कायम रहेको साविक मसिना २क कि.न. १३ ४३६ ६१४ ६११ ४७४ ऐ. वडा न. ३ कि.न. ३५३ ५५६ साबिक साडी गा.बि.स. वडा न. ७क कि.न. ६९ ४७४ कि.का. भई कायम कि.नं. क्रमश ९१९, ९२१, ९२३, ९२५, ९२७, १२२८, १२३०, ८९९, ९०१ जग्गा अंश लिइसकेको र रिपुल अहिरको माइलो छोरा सन्तराम अहिर मिति २०६७/०८/२६ गते प्रलोक भई निजको एकमात्र पत्नी चन्द्रावती अहिर रहेको, दाइ र बुवा समेतको सेवा टहल मृत्यु पछिको काजक्रिया हामी दुई देवर /भाउजु मिलि गरेको हुँदा बाबु रिपुल अहिरको नाममा कि.का भई बाँकी रहेको साविक मसिना २क कि.नं. ९२०, ९२२, ९२४, ९२६,९२८ मसिना वडा नं. ३ कि.नं. १२२९, १२३१ र साडी ७क कि.नं. ९००, ९०२ जग्गाको यस कार्यालयमा श्रेष्ता कायम नरहेकाले उक्त जग्गाको नयाँ श्रेष्ता कायम गरी हाम्रो नाममा दा.खा. नामसारी गरी पाउँ" भनि सिताराम अहिर र चन्द्रावति अहिरको निबेदन पर्न आएको हुँदा यो सुचना प्रकाशित गरिएको छ । कसैको हकदैयामा असर पर्ने वा नयाँ श्रेष्ता कायम गरी दा.खा. नामसारी गर्न नमिल्ने भए यो सुचना प्रकाशन भएको मितिले ३५ दिन भित्र स-प्रमाण सहित आफैं वा वारेस मार्फत हकदावी गर्नका लागि आउनुहोला । म्यादभित्र हकदावी उजुर बाजुर नपरेमा प्रचलित कानुन बमोजिम भई जाने व्यहोरा सवैमा अनुरोध छ ।

इति सम्बत् २०८१ साल ०९ महिना ०५ गते रोज ६ शुभम् ।